# बेथानचोक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
ढुंखर्क, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्याः ०८१/०८२
चलानी नं. : १४६१

मिति : २०८२/०३/०१

**विषय : रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना ।**

श्री यो जो जससँग सम्बन्धित छ ।

काभ्रेपलाञ्चोक जिल्ला बेथानचोक गाउँपालिका अन्तर्गत श्री पार्वती माध्यमिक विद्यालय, बेथानचोक-२, ढुङ्खर्कमा रिक्त रहेको माध्यमिक तह तृतीय श्रेणी, अर्थशास्त्र विषयको शिक्षक पदमा सरुवाको प्रक्रिया अघि बढाइदिन भनी उक्त विद्यालयको च.नं. २३० को पत्रबाट वि.व्य.स.को निर्णय सहित अनुरोध भई आएकोले सम्बन्धित तहका योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र शिक्षा नियमावलीको अनुसूची-१७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाईको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पुनश्चः**

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना parbatisecondaryschool@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ ।

२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदनहरु माथि कुनै कारबाही हुने छैन ।

३. थप जानकारीका लागि सम्पर्क नं.९८५११६७४७७ (विद्यालय प्रशासन)

२०८२/०३/०१

राजेन्द्र भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

राजेन्द्र भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**

श्री शिक्षा विकास तथा समन्वय इकाई, काभ्रेपलाञ्चोक ।
श्री सूचना प्रविधि शाखा, बेथानचोक गा.पा.को website लगायतमा सूचना राखिदिनु हुन ।
श्री श्री पार्वती माध्यमिक विद्यालय, बेथानचोक-२, ढुङ्खर्क, काभ्रेपलाञ्चोक ।